स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रिलिज पूर्वसन्ध्यामा फिल्म 'लण्डन टु पेरिस'को प्रिमियर गरिएको छ । बिग मूभिजमा आयोजित प्रिमियर समारोहमा 'कास्ट एण्ड क्रू'सहित फिल्मकर्मी सहभागि रहे । फिल्म हेरिसकेपछि निर्देशक शोभित बस्नेतले ठूलो बजेटमा विदेशमा पनि राम्रो नेपाली फिल्म बनाउन सकिन्छ भन्ने उदाहरण यो फिल्मले दिएको बताए । 'विदेशमा बसेर पनि नेपालीको नेपालप्रति लगाव छ भन्ने कुरा फिल्मले देखाएको छ', उनले भने । निर्देशक घनश्याम लामिछानेले राम्रो प्रेमकथालाई फिल्ममार्फत आफूले भनेको बताए ।


**आजको विचार...**



भीडतन्त्र...

*(दुई पेजमा)*

केशवमोहन अधिकारी



राजेश हमालको नयाँ टेलिभिजन शो 'यो नेपाली शिर उचाली' शुक्रवार बेलुकादेखि प्रसारण हुने भएको छ । कार्यक्रममा विदेशी भूमिमा संघर्ष गरि गर्व गर्न लायक काम गरेका नेपालीहरुसँग उनीहरुको कर्मथलोमै पुगेर साक्षात्कार गर्नेछन् । कार्यक्रमको पहिलो सिजन बेलायत र युरोपियन मुलुकलाई कर्मभूमि बनाएका नेपालीहरुको कथाबाट सुरु हुँदैछ । कार्यक्रमको पहिलो भागमा पोर्चुगलका टंक सापकोटाको कथा समेटिएको छ । सापकोटा कुशल सेफ र सफल रेष्टुरेन्ट व्यवसायी हुन् । हिमालय टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम साझा कथा युट्युब च्यानलमा हेर्न सकिन्छ ।

❒ वर्ष २९ ❒ अंक ३०९ ❒ २०८१ जेठ २६ गते शनिबार 8 June 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेन पूर्ण खोप सुनिश्चितता पालिका घोषित

हाम्रा संवाददाता

**पाल्पा,** जेठ २५/जिल्लाको तानसेन नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । जिल्ला खोप समन्वय समितिका सह-संयोजक तथा जिल्ला समन्वय समितिका उपप्रमुख काशिका गैरेले तानसेनलाई पूर्ण खोप सुनिश्चितता भएको पालिका घोषणा गरेकी हुन् ।

जिल्ला खोप समन्वय समितिका सह-संयोजक गैरे, समितिका सदस्य सचिव तथा स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले संयुक्त रुपमा एक औपचारिक कार्यक्रमकाबिच नगर प्रमुख सन्तोषलाल श्रेष्ठलाई पालिकालाई पूर्ण खोप सुनिश्चितता भएको प्रमाणपत्र हस्तान्तरण गरेका छन् । पालिकाका १४ वटै वडाहरुलाई पूर्ण खोप सुनिश्चिता घोषणा गरेपछि सिङ्गो नगरलाई नै पूर्ण खोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको हो ।

नगर भित्रका जन्मेदेखी १५ महिनासम्म र १६ महिनादेखी ५९ महिनासम्मका बालबालिकालाई खोप अभियान नै सञ्चालन गरेर नगरलाई पूर्ण खोप सुनिश्चितता पालिका घोषित गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपानेले जानकारी दिए । उनका अनुसार चैत्र मसान्तसम्म ०-१५ महिनाका ५ सय ३ र १६ महिनादेखि ५९ महिनासम्मका एक हजार ८ सय २ जना बालबालिकाहरुलाई खोप लगाइएको हो । जसमा छुटेका ३ जना बालबालिका रहेको स्वास्थ्य शाखा प्रमुख न्यौपानेले बताए । घोषणा कार्यक्रममा जिल्ला समन्वय समितिका उप-प्रमुख गैरेले पूर्ण खोप कार्यक्रम अभियानले बाल मृत्युदर, मातृ मृत्युदर, शून्यको अवस्थामा पुऱ्याएको, मानिसको औसत आयुमा वृद्धि गरेको, धेरै किसिमका रोगहरुबाट मानिसलाई सुरक्षित बनाएकाले समग्र स्वास्थ्य क्षेत्रमा उल्लेखनिय सुधार आएको बताईन ।



जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. गिरीले पूर्ण खोप सुनिश्चिता कार्यक्रमले ५ बर्षमुनिका कुनै पनि बालबालिका सरकारको मापदण्ड भित्रका खोपहरु पाउने, कुनै तरिकाबाट छुटेका भएपनि पुन: समेटिने भएकाले निकै प्रभावकारी भएको बताए । पाल्पाले विगत ३ बर्ष देखी खोप सुनिश्चितता भएको पालिका अभियानलाई निरन्तरता दिदै आएको प्रमुख डा. गिरीको भनाई छ ।

नगर प्रमुख श्रेष्ठले राष्ट्रिय खोप अभियान अन्तर्गत नै नगरका १४ वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित गरिएपछि पूर्ण खोपयुक्त सुनिश्चित नगरपालिका घोषणा गरिएको बताए । उनले पूर्ण खोप अभियानले पालिकाको स्वास्थ्य क्षेत्रमा उल्लेखनिय सुधार आएको समेत बताए । पूर्ण खोप अभियानले प्रत्येक घर-घरमा पुग्दा स्वास्थ्य क्षेत्रका अन्य विषयबस्तुमा समेत जानकारी प्राप्त भएकाले पालिकाले सोही अनुसारको नीति कार्यक्रम र बजेट बनाउदै आएको समेत नगर प्रमुख श्रेष्ठले उल्लेख गरे । कार्यक्रममा तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर थापा लगायतले नगरलाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए ।

## संक्षिप्त समाचार

### पहिरोले पुरिँदा एकको मृत्यु



**लमजुङ,** जेठ २५/लमजुङ मर्स्याङ्दी गाउँपालिका-६ न्यादी खोलामा निर्माणाधीन सुपर न्यादी आयोजनाको 'लोडर' चालकको पहिरोले पुरिँदा मृत्यु भएको छ ।

शुक्रबार बिहान लोडर लिएर कामतर्फ जाँदै गर्दा माथिबाट खसेको पहिरोले पुरिँदा मकवानपुर हेटौँडा उपमहानगरपालिका-१० का ४२ वर्षीय गोपाल तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङमा प्रहरी निरीक्षक मेघनाथ चापागाईले बताए ।

गम्भीर घाइते चालक तामाङको काठमाडौँस्थित ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको उनले जानकारी दिए । सो आयोजनाको ४२ दशमलव ६० मेगावाट क्षमता रहेको छ ।

*-रासस*

## छुट्टाछुट्टै सवारी दुर्घटनामा तीनको मृत्यु

**पाल्पा,** जेठ २५/देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार धादिङ, तनहुँ, मोरङमा छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

तनहुँको ब्यास नगरपालिका-१ तालघारे स्थित सडकमा कुटरको ठक्करबाट पैदलयात्री ज्यान गएको छ । हाल अल्फावेट नखुलेको ७८८१ नम्बरको स्कुटरको ठक्करबाट पैदलयात्री नाम, थर नखुलेकी अन्दाजी ५५ वर्षीया महिलाको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल तनहुँमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । फरार स्कुटर चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै धादिङको थाक्रे गाउँपालिका-७ आठकिल्लास्थित सडकमा बसको ठक्करबाट अर्का पैदलयात्रीको मृत्यु भएको छ । ग.१ ख ९८६८ नम्बरको बसको ठक्करबाट पैदलयात्री सुनसरी धरान उपमहानगरपालिका-१७ बस्ने २३ वर्षीय सुदेश सुनुवारको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको साईबाबा सामुदायिक अस्पताल थाक्रेमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोरङको कानेपोखरी गाउँपालिका-७ स्थित सडकमा कारको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । मे. १ च ३३६६ नम्बरको कारको ठक्करबाट साइकलयात्री पथरीशनिश्चरे नगरपालिका-५ मैनखाडी बस्ने ७० वर्षीय बन्दु चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मदन भण्डारी ट्रमा सेन्टर उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## नेपाल प्रजातन्त्र सेनानी संघ पाल्पाको सभापतिमा तिमिल्सीना

**पाल्पा,** जेठ २५/नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल प्रजातन्त्र सेनानी संघ पाल्पाको सभापतिमा यमलाल तिमिल्सीना चयन भएका छन् । प्रजातन्त्रको स्थापना र पुनस्थापनाको संघर्षमा आफ्नो जीवनको पर्वाह नगरी होमिएका अथक योद्धाहरुको सक्रियतामा स्थापना भएको संघको शुक्रबार तानसेनमा भएको जिल्ला भेलाले तिमिल्सीनालाई सभापतिमा चयन गरेको हो ।



नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका निष्ठावान राजनीतिज्ञ तिमिल्सीना काँग्रेस पाल्पाका पुराना नेता हुन् । पूरैजीवन प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनमा ब्यतित गरेका उनलाई संघले जिल्लाको जिम्मेवारी सुम्पिदिएको हो । पार्टीमा अत्यन्त सरल र इमान्दार नेताको छवि बनाएका तिमिल्सीना विद्यार्थी राजनीतिबाटै पार्टी राजनीतिमा आएका हुन् । २०२८ मा तत्कालिन हाइस्कुलमा विद्यार्थी युनियनको सहसचिव हुँदै २०३० मा उनी सभापति बनेका थिए । अध्ययनको शिलसिलामा भारत पुगेका तिमिल्सीना २०३४ मा भारतमै नेपाली छात्र संघको सदस्य बने । उनी नेपाल फर्किसकेपछि २०३६ मा पार्टीको साधारण सदस्य बनेका थिए । पार्टीमै लगनीशल भएर लागेका तिमिल्सीना शिक्षक भएका कारण २०४० मा शिक्षक आन्दोलनमा समेत सक्रिय रहे । २०४६ सालको आन्दोलनमा उनी ३ पटक गिरफ्तारमा परेका थिए । २०४७ मा पार्टीको आमन्त्रित जिल्ला सदस्य बनेका उनी सोही अवधिमा ६ महिना जिल्ला सदस्यका रुपमा रहे । २०४९ देखि २०६२ सम्म पार्टीको जिल्ला सचिवको जिम्मेवारी सम्हालेका तिमिल्सीना २०६२/०६३ को जनआन्दोलनमा समेत सक्रिय रहे । उनी आन्दोलनका क्रममा पटक -पटक गिरफ्तारीमा समेत परेका थिए । ५ पटक महासमिति सदस्य बनेका उनी ६ पटक महाधिवेशन प्रतिनिधि सदस्य बने । तिमिल्सीना पार्टीको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानका केन्द्रीय सदस्य समेत बने । हाल उनी महाधिवेशन प्रतिनिधि सदस्य समेत हुन् । यस अघि प्रजातन्त्र सेनानी संघ नेपाली काँग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४२ (१) (च) बमोजिम म्याद समाप्त भई स्वत: विघटन भएको थियो । संघको जिल्ला भेलाले तिमिल्सीनालाई सभापतिमा सर्वसमहत रुपमा चयन गरेको हो ।प्रमुख अतिथि तथा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले नवनियुक्त सभापति तिमिल्सीनालाई बधाई तथा शुभकामना दिदैं संघलाई थप चुस्त र बलियो बनाएर लैजान आग्रह गरे । भेलालाई सम्बोधन गर्दै उनले पार्टीको स्थापनाकालदेखि नै राष्ट्रियता र प्रजातन्त्रको लागि जीवन उत्सर्ग गर्ने सहिदहरु र प्रजातन्त्रको स्थापना र रक्षार्थ जीवन उत्सर्ग गर्न चाहने सेनानीहरुको कारण नेपाली काँग्रेसले स्थापनाको लामो गौरवमय इतिहास कायम गर्न सफल भएको उल्लेख गरे ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मौसमी प्रतिकूलताप्रति सतर्क रहौं

देशका अधिकांस स्थानमा तापक्रम दिनदिनै बढेको छ । केही ठाउँमा पानी परे पनि अधिकांस स्थानमा अत्याधिक गर्मी छ । विशेषगरी चर्को गर्मीले तराईको जनजीवन कष्टकर बन्दै गएको छ । दिनदिनै तापक्रम ४० डिग्रीभन्दा माथि पुग्दा सहर–बजारमा दिउँसो चहलपहल पातलिएको छ । गर्मी यतिबिध्न छ कि पंखाको भरमा घरमा बस्न पनि गाह्रो छ । गर्मीका कारण सर्वसाधारण अपराह्न घरबाट निस्कन सकेका छैनन् । सहनै नसक्ने गर्मीले चोक–बजार सुनसान छन् । कतै सहनै नसक्ने गर्मी त कतै वर्षाले आमनागरिक समस्यामा परेका छन् ।

हालका दिनमा नेपाल–भारतलगायत ठाउँहरूमा अत्यन्त धेरै तापक्रम वृद्धि भएको छ । जसले गर्दा जनजीवन नराम्ररी प्रभावित हुनपुगेको छ । केही दिन पहिलेसम्म पानी परेको थियो । त्यसबेला चिसो महसुस भयो तर केही दिनयता पानी नपर्नाले एकाएक गर्मी बढेर जनजीवन प्रभावित भइरहेको छ । तराईका विद्यालयहरू केही दिनका लागि बिदा गर्नुपरेको छ । गर्मीका कारण मानिसहरू अस्वस्थ भइरहेका छन् । सामान्य गर्मीमै पनि झाडापखाला, रिँगटा लाग्ने, वाकवाकी लाग्ने, पेटसम्बन्धी समस्याजस्ता प्रतिकूलता सिर्जना हुन पुग्छन् । असमान अवस्था सबैका लागि उत्तिकै जोखिमी हुन्छन्, त्यसमा पनि निम्न वर्गीय व्यक्तिहरूका लागि यस्तो अवस्था अझै अभिशप्त बन्न पुग्छ । एकातिर मानिसहरूसँग प्रतिकूल मौसमसँग प्रतिकार गर्ने पर्याप्त साधन र स्रोतको अभाव हुन्छ भने अर्कातिर बिरामी भइहालेका खण्डमा औषधोपचार गर्ने पैसाको खाँचो हुन्छ । यसका साथै त्यस्तो वर्गका लागि ज्यालामजदुरी गरेर खानुपर्ने बाध्यता हुन्छ । जसले गर्दा तिनले जस्तोसुकै अवस्थामा पनि घरबाहिर निस्किएर काम गर्नुपर्ने हुन्छ । प्रतिकूल वातावरणबाट बढी प्रभावित बन्ने वर्ग निम्न वर्ग नै हुनपुग्छ । एकातिर मौसमी प्रतिकूलताले सर्वसाधारणको खाद्य सुरक्षामै प्रभाव परिरहेको छ भने अर्कोतिर उत्पादन क्षमतासमेत घटिरहेको छ । उत्पादन पनि घट्ने र भएकै उत्पादन पनि भित्र्याउन नपाउने स्थिति आफैंमा प्रतिकूल देखिन्छ । त्यसैले प्रतिकूलतासँग जुध्दै आगामी दिनमा अगाडि बढ्न सर्वसाधारणलाई अहिल्यैदेखि सजग बनाउन थालिहाल्नुपर्छ । अन्यथा, यसले भविष्यमा अरू कठिनाइ उत्पन्न गर्नेछ । अहिले देखिएको यो मौसमी प्रतिकूलतालाई सामान्य घटनाक्रमका रूपमा मात्र हेर्न मिल्दैन । तसर्थ अहिल्यैदेखि आवश्यक सर्तकता अपनाउन जरुरी छ ।

## Opinion @ Social Network

सरल स्वभाव कसैको कमजोरी
नभएर उस्को संस्कार हुन सक्छ ।
*(सीता थापाको फेसबुकस्टाटस https://www.facebook.com/thapa.sita969822)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भीडतन्त्र, सञ्जालीय आक्रमण र निरीह समाज



केशवमोहन अधिकारी

> *हामी आफ्नो तर्कसंगत विवेकबाट चल्ने कि अराजक भीडको उत्ताउलो उक्साहटबाट ? सत्ता र शक्तिमा हुनेबित्तिकै उनीहरूको विचारलाई आँखा चिम्लेर मान्नुपर्ने हो ? आवेग र उत्तेजनामा बरालिएको भीडमा तिरस्कारको आगो झोसेर समाजलाई किन बर्बादीतिर धकेलिंदैछ ? हामी सब सच्चिनु जरूरी छ । अन्त्यमा देशले गहना मानेका कलाकारले भयंकर नमिठो हीनभाव र लाचार बन्दै आफ्नो अस्तित्वको लागि माफी माग्न बाध्य भए । माफी मागिसक्दा पनि उनीमाथिको साइबर बुलिङ अझै रोकिएको छैन ।*

पछिल्लो एक दशक मात्र संसारभरका सामाजिक सञ्जालमा दृष्टि दौडाउने हो भने एउटै कुराको दबदबा देख्न सकिन्छ, त्यो हो भीडतन्त्र र सञ्जालीय आक्रमण । प्रविधि विकासको महत्वपूर्ण उपलब्धिको रूपमा रहेको सामाजिक सञ्जालमा हिजोआज अरू कुरा कम र गालीविरोध र उग्रता बढी देखिन्छ ।

एउटा सभ्य परिधि र तर्कसंगत आलोचनाले बढेको चेतनास्तर र मनोवैज्ञानिक एवं नैतिक शक्तिलाई प्रकट गर्दछ तर हचुवा, अनुमान र अफवाहको पछि लागेर अरूको व्यक्तिगत जीवन, स्वतन्त्रता र अस्तित्वमाथि नै जब प्रहार हुन थाल्छ, हाम्रो विवेक, चेतना र सिकाइप्रति नै प्रश्न गर्नुपर्ने अवस्था आउन थाल्छ । धेरै टाढा जानुपर्दैन, गएको केही महिनाका घटनाहरूको उदाहरण लिंदा हुन्छ । कलाकार तथा निर्देशक दीपाश्री निरौला र कलाकार उषा रजक नायक राजेश हमालको बारेमा आफ्नो धारणा राख्दा निकै आलोचनाको सिकार हुनुपऱ्यो । उनीहरूले बोलेको कुरा स्वयं राजेश हमाललाई त्यति नमिठो लागेन होला तर उनका शुभचिन्तक भीडलाई त्यसले निकै चिढ्यायो ।

राजेश हमाल महानायक हुन् या हैनन् भन्ने प्रश्नमा दीपाश्रीले ब्ल्याक एन्ड ह्वाइट जवाफ नदिएर महानायक कसरी भइन्छ भन्ने खालको प्रश्न गरेकी थिइन् जुन असान्दर्भिक थिएन । उक्त प्रश्न बहसको विषय बन्न सक्थ्यो ।

त्यसैगरी उषा रजकले ओभररेटेड कलाकारको रूपमा राजेश हमालको नाम लिएपछि उनी पनि भीडको निशानामा परेकी थिइन् । यी दुवै कलाकारमाथि सामाजिक सञ्जालमा गालीको वर्षा भएको थियो ।

व्यक्तिगत जीवनसम्म पुगेर टिप्पणी हुँदा सुरक्षामाथि नै भीडबाट खतरा बढ्न थालेपछि उनीहरूले घुमाउरो तरिकाबाट माफी मागेका थिए । यो सब हुँदाहुँदै पनि दुःखको कुरा नै मान्नुपर्छ राजेश हमालबाट भीडलाई सम्झाउने प्रयास भएको थिएन ।

उनले आफ्ना शुभचिन्तकलाई सम्बोधन गरी न सम्झाउने प्रयास गरे, न आफ्ना सहकर्मी कलाकारहरूमाथि भएको आक्रमणमा सहानुभूति व्यक्त गरे । बरु उनले अप्रत्यक्ष रूपमा भीडको मनोबल बढाउने नै अभिव्यक्ति दिए जसले उनको भीडतन्त्रप्रतिको विश्वास देखाउँछ ।

साक्षरताको कुरा गर्ने हो भने नेपाली समाज अगाडि नै बढेको भन्ने बुझिन्छ । गएको तीन दशकमा शिक्षाको गुणस्तर पनि बढिरहेको देखिन्छ । पहिले जस्तो पढ्न लेख्न नसक्ने वा स्कुल नदेखेका मानिसहरू आजकल निकै कम छन् । तर विडम्बना तथ्यांकमा जे देखिए पनि व्यवहारमा निकै फरक पाइन्छ । शिक्षाको दर बढे पनि चेतना र सोच्ने तरिका निकै नकारात्मक भएको देखिन्छ । अश्लील भाषा, अशिष्ट व्यवहार र फरक विचार राख्नेप्रतिको सामूहिक आक्रमणले सामाजिक सञ्जाल निकै कुरूप हुँदै गइरहेको छ ।

यही कुरूपता हरेक मानिसको दिमागमा लेपिँदै गइरहेको सन्दर्भमा मानिसहरूको सोच्ने तरिका, बोल्ने र व्यवहार गर्ने तरिका र आपसी सम्बन्धमा पनि विस्तारै त्यसको प्रभाव पर्न थालेको छ जसको कारण समाज उकालो हैन ओरालो लागिरहेको छ । सामाजिक सञ्जालमा व्याप्त नकारात्मकता र हानिकारक आलोचनात्मक चेतले समाजका हरेक तह र तप्काका मानिसहरूलाई गाँजिरहेको छ ।

अहिलेको सन्दर्भमा सामाजिक सञ्जालमा दुईवटा पदावली निकै प्रसिद्ध छन्– मोबोक्रेसी र साइबर बुलिङ । सामाजिक सञ्जालको एउटा विशेषता यो छ कि यहाँ हरपल भीड रहन्छ । अलि फराकिलो रूपसम्म पुग्दा यो साना-साना भीडहरूको ठूलो भीड बन्न पुग्छ ।

अर्को कुरा सामाजिक सञ्जाल धेरैभन्दा धेरैको पहुँचमा रहने हुँदा कसैले कसैलाई रोक्न सक्दैन । त्यसो त त्यसको प्रयोग गर्न पाउनु सबैको व्यक्तिगत अधिकारको कुरा पनि हो । यस पक्षबाट हेर्दा सामाजिक सञ्जालमा हरेक किसिमका मान्छेहरू रहन्छन् र ती सबैका आफ्ना आफ्ना रुचि र स्वार्थहरू हुन्छन् ।

धेरैभन्दा धेरै मानिस सकारात्मक भन्दा नकारात्मक विचारले छिटो बहकिने जुन ट्रेन्ड छ त्यसले पनि नकारात्मक कुरा सामाजिक सञ्जालमा चाँडै फैलन्छ र मानिसहरू पनि त्यही विश्वास गर्न थाल्छन् । यसको खास कारण पोस्ट कोभिड युगमा आर्थिक संकट, पारिवारिक तनाव, आपसी अविश्वास, ह्रासोन्मुख जीवनशैलीका कारण उत्पन्न तनाव र चिन्तालाई मानिसहरूले आलोचना, निन्दा र कटाक्षको माध्यमबाट व्यक्त गरिरहेका जस्तो देखिन्छ ।

सामाजिक सञ्जालमा आजकल आफ्नो विचारसँग असहमत हुनेहरूलाई यसरी गालीगलौज गरिन्छ कि उनीहरूले आलोचना गर्नेहरूको जीवन नै बर्बाद गरिदिएका छन् । घरबार लुटेका छन्। चौपट गरेका छन् । कुराको गहिराइमा नपुगी र वास्तविकता बुझ्नै नखोजी कसैले भनेको, सुनेको भरमा वा समाचार शीर्षक पढेकै भरमा धारणा बनाउनु र कटु आलोचना गर्दै व्यक्तिगत तवरमा उत्रिनु सामान्य जस्तै बनिसकेको छ । ढिलोचाँडो आफ्नो विचार राखेकै भरमा एक वा अर्को साइबर बुलिङको सिकार बन्नुपर्ने दिन जसको पनि आउन सक्छ ।

यही हप्ताको कुरा, कलाकार मदनकृष्ण श्रेष्ठको एउटा धारणा सामाजिक सञ्जालमा आयो । त्यो उनको व्यक्तिगत विचार थियो । उनको विचारमा न कसैलाई उचालेर शिखरमा पुऱ्याइएको थियो न कसैलाई खसालेर पातालमा धसाइएको थियो । तर सञ्जालीय भीडबाट उनीमाथि यति प्रहार हुन थाल्यो कि मह जोडीले नै आफ्नो भनाइप्रति माफी नै माग्नुपर्ने बनाइयो ।

सामाजिक सञ्जालमा उनीमाथि यति धेरै अपमानपूर्ण शब्दहरू व्यक्त भए कि एउटा सभ्य समाजमा ती सब पचाउन गाह्रो पर्छ । विडम्बनाको कुरो, एकथरी मान्छेहरूले उनलाई एकोहोरो प्रहार गरिरहँदा पनि कसैले एक शब्द निकालेन । न कलाकार, न पत्रकार, न राजनैतिक दल वा न त नागरिक समाजले नै ।

हाम्रो समाज यतिसम्म तन्नम र भूमिकाविहीन देखियो कि एक अग्रज कलाकार त्यस्तो आक्रमण वा बुलिङको सिकार भइरहँदा समेत समाज रमिते बनिरह्यो । त्यति मात्र हैन समाज परिवर्तनको नारा बोकेर आएका युवा सांसद र मन्त्रीहरू त्यसैको साक्षी बनेर बसिरहे ।

अन्त्यमा देशले गहना मानेका कलाकारले भयंकर नमिठो हीनभाव र लाचार बन्दै आफ्नो अस्तित्वको लागि माफी माग्न बाध्य भए । माफी मागिसक्दा पनि उनीमाथिको साइबर बुलिङ अझै रोकिएको छैन ।

हामी कस्तो समाजको परिकल्पना गरिरहेका छौं ? हामीले खोजेको परिवर्तन कस्तो हो ? हामीले सम्मानपूर्वक आफ्नो जिन्दगी जिउन पाउने कि नपाउने ? एक्काइसौं शताब्दीको यो कालखण्डमा कसैलाई नकारात्मक असर नपर्ने गरी आफ्नो विचार राख्न पाउने कि नपाउने ?

हामी आफ्नो तर्कसंगत विवेकबाट चल्ने कि अराजक भीडको उत्ताउलो उक्साहटबाट ? सत्ता र शक्तिमा हुनेबित्तिकै उनीहरूको विचारलाई आँखा चिम्लेर मान्नुपर्ने हो ? आवेग र उत्तेजनामा बरालिएको भीडमा तिरस्कारको आगो झोसेर समाजलाई किन बर्बादीतिर धकेलिंदैछ ? हामी सब सच्चिनु जरूरी छ ।

गेस्टापो हिटलरको विरोधी तह लगाउने विशेष हतियार थियो। यो खासमा गोप्य प्रहरी दस्ताको नाम हो जसले फरक मत राख्नेहरूलाई चरम यातना दिएर हत्या गर्न भूमिका खेल्यो। अहिले समाजमा चलिरहेको 'गेस्टापो टेक्टिस' लाई बहिष्कार र अन्त्य गर्नुपर्नेछ नत्र नेपाली समाज र राष्ट्रको ह्रासोन्मुख गति कसैले रोक्न सक्ने छैन ।

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ। | **तुला** : प्रतीक्षा गरिएको काम पूरा हुनेछ। दैनिक कार्यमा प्रगति हुनेछ । |
| **वृष** : आँटेको र ताकेको कार्य पुरा होला। आर्जनका क्षेत्रमा सुधार आउनेछ। | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ। |
| **मिथुन** : निर्णायक क्षमतामा कमी आउनेछ। स्वास्थ्यमा चिन्ता बढ्नेछ । | **धनु** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **कर्कट** : कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। | **मकर** : मित्रबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता पाइएला । |
| **सिंह** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। सेमिनारमा सहभागी भइएला । | **कुम्भ** : विवाद पर्ने सम्भावना छ । कार्यमा सतर्क हुनु नै उपयुक्त होला । |
| **कन्या** : मन अस्थिर रहने संकेत देखिन्छ। योजना कार्यान्वयनमा ल्याउन मुस्किल छ। | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |

# साहित्य दर्पण

समीक्षा

खिम लामिछाने काजी

## 'बागीना'मा स्वर-सम्राट् नारायण गोपाल

नारायण गोपालको गीत नसुन्ने र नचिन्ने को होला र खै ? तर धेरै जसो व्यक्तिहरूले नारायण गोपाललाई गायकको रूपमा मात्र चिनेका छन् । नारायण गोपाल बारे संक्षिप्त जानकारी लिनको लागि नारायण गोपाल संगीत कोषद्वारा प्रकाशित पुस्तक 'बागीना'ले नारायण गोपाल सम्बन्धी सबै कौतुहलता निर्मूल पार्न मद्दत गर्दछ । नारायण गोपाललाई नजिकबाट चिन्ने उनका साथी, दौँतरी, सहपाठी, सहकर्मी तथा अन्य गीतकार, संगीतकार, लेखक, पत्रकार लगायत ७० जना व्यक्तित्वहरूले उनको बारेमा लेखेका लेखहरूलाई 'बागीना' नारायण गोपाल स्मृति अङ्कमा प्रकाशित गरिएको छ । उहाँसँग सङ्गत गर्नेहरूले उहाँको असल-खराब आनी-बानीहरूको बारेमा विश्लेषण गरेका छन् ।




बागीना अर्थात् (बाजा, गीत र नाच) नामको कला पत्रिका निकाल्न नारायण गोपालले धेरै मेहेनत र योगदान गरेका रहेछन् । यो पुस्तक पढेपछि उनलाई नजिकबाट चिन्न पाइयो । नारायण गोपालको गीतहरू सुन्दै हुर्केका हामी, उनी गायक संगीतकारको अलावा धेरै रक्सी सेवन गर्दथे, अहङ्कारी थिए, जो पायो त्यसको गीत गाउँदैनथे । यस्तै यस्तै कुराहरू सुन्नमा आउँथ्यो ।

तर यो बागीनाले भने वास्तवमा उनी को थिए, के थिए, कसरी जीवन जिएका थिए, उनको आदर्श के थियो, गीत संगीतलाई कुन रूपमा लिन्थे, कसरी गीत छनौट गर्दथे, कसरी गाउँथे, सम्पूर्ण कुराको जनकारी दिन्छ ।

स्वरसम्राटको उपाधिले सम्मानित नारायण गोपालले लगभग २०० भन्दा बढी नेपाली गीत गाएका थिए । उनका गीतहरू नेपाली चलचित्र तथा नाटकहरूमा पनि समावेश गरिएका छन् । नारायण गोपाल जन्म वि.सं. १९९६ असोज १८ गते बुबा आशा गोपाल गुरुवाचार्य र आमा रामदेवी गुरुवाचार्यको सन्तानका रूपमा काठमाडौँको किलागलमा भएको थियो । वि.सं.२०२७ साल फागुनमा दार्जिलिङ निवासी पेमालाका साथ उनको विवाह भएको थियो ।

उनी कुशल तबला बादक समेत थिए । चेस खेल्नका सोखिन थिए । खाना पकाउनमा पनि रुचि राख्थे । साथीभाइ बिच हाँसो ठट्टा गर्नमा माहिर थिए । पलपलमा लाखौं मान्छे जन्मन्छन् र मर्छन्, यो प्रकृतिको नियम नै हो । तर कोही मान्छेहरू मरेर पनि अमर बनिरहन्छ । भौतिक शरीर यस दुनियाँमा नभएता पनि गीत र संगीतको माध्यमबाट सधैं हामी बिच बाचिरहेका छन् नारायण गोपाल गुर्वाचार्य ।

उनी घाँटीबाट होइन मुटुबाट गाउँथे, त्यसैले हरेक मुटुहरूमा उनको स्वरले छुने गर्दछ । उनी गीतको अर्थलाई उपयुक्त संगीतमा ढालेर फिल गरेर गाउँथे, हरेक गीत उनको आफ्नै भोगाइ झैँ लाग्दथ्यो । उनको स्वरमा सम्मोहन थियो, जादु थियो । विलक्षण गायक थिए । संगीत प्रतिको मोह र समर्पण नारायण गोपालको आफ्नो व्यक्तिगत स्वार्थको लागि छँदै थिएन भन्ने कुरा वीर अस्पतालको आइसियु मा हुँदा गीतकार नगेन्द्र थापालाई भनेको कुराले प्रस्ट पार्दछ ।

नारायण गोपाल भन्छन्, 'वकिल बोलाउनु पर्‍यो, पेमाला (उनकी श्रीमती) लाई पुग्ने राखेर बाँकी मेरो सम्पत्तिको एउटा संगीतको ट्रस्ट बनाउन चाहन्छु ।' उनले १९७० तिर बम्बैमा गीत गाएर बस्ने अफर पनि आएको रहेछ, तर उनले आफ्नै देशमा गीत संगीतको विकास गर्न धेरै बाँकी छ, यही नै केही गर्छु भनेर बम्बई जान अस्वीकार गरेछन् । बसन्त कुमार चौधरीका अनुसार नारायण गोपाललाई सम्मान गर्ने हो भने नेपाली संगीतको विकास गरिनु पर्छ ।

रोचक कुरा दार्जिलिङकी पेमलाजीसँग बिहे गरे पश्चात् उनी श्रीमती सहीत पोखरा आएर बसेका रहेछन् (६ महिना जति) । त्यो समयमा पेमालाजी रत्नराज्य लक्ष्मी स्कुलमा र उनले अंम्मबरसिङ स्कुलमा पढाउने काम गरेका रहेछन् । उनले आफूलाई चित्त नबुझी गीत रेकर्ड नै गराउँदैनथे । 'मलाई नसोध कहाँ दुख्छ घाउ' बोलको गीतको २३ वटा धुन बनाएका थिए ।

एक पटक मालती मंगलेको गीत 'रातैमा बोलाई दरौदीलाई मर्स्याङ्दी मिसियो, म केले बोलाउ मालतीलाई मुरली खोसियो' गीतभित्र डुब्दा नारायण गोपाल मर्स्याङ्दी र दरौदी मिसिएको दोभान कस्तो रहेछ भन्दै हेर्न गएका रहेछन् । बसन्त श्रेष्ठ भन्छन्, 'गोपाल घमण्डी थिए भन्ने सुनिन्छ, मलाई लाग्छ त्यो चाहिँ उहाँसँग सङ्गत नगरेकाहरूको अनुमान मात्रै हो । उहाँ कति नरम र सरल मानिस थिए भन्ने कुरा एक पटक सङ्गत गरे पछि सजिलै थाहा हुन्थ्यो ।'

मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य भन्छन्, 'करोडौं जन्मेका मध्ये कुनै कुनैको मृत्यु हुँदा समाचार बन्दछ । देश स्तब्ध हुन्छ, संसार स्तब्ध हुन्छ । मृत्युमा त्यस्तो अवसर पाउन कर्मयोगी हुनुपर्छ र ऐतिहासिक काम गरेको हुनुपर्छ ।' नारायण गोपालको मृत्युमा उर्लिएको जनसागरले देखाउँछ, उनी कति प्यारा थिए ।

विसं २०२३ मा रेडियो नेपालद्वारा आयोजित आधुनिक संगीत सम्मेलनमा सर्वोत्कृष्ट गायकको पुरस्कार प्राप्त गरेका थिए । विसं २०२९ मा रत्न रेकर्ड पुरस्कारले विभूषित भए । २०३३ मा गोर्खा दक्षिण बाहु चौथा, २०४० मा ईन्द्रराज्यलक्ष्मी पुरस्कार, २०४३ मा विशाल बजार लायन्स अवार्ड, २०४४ मा छिन्नलता पुरस्कार, २०४५ मा जगदम्बा श्री पुरस्कार, २०४५ मा वर्षको सर्वश्रेष्ठ पुरुष, २०४६ मा गोल्डेन काइट अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायक मण्डल र २०४७ मा उर्वशी रङ पुरस्कार प्राप्त गरेका थिए । त्यसै गरी त्रिवि ले उनको योगदानको कदर गर्दै संगीत विशेषज्ञको पदमा सहप्राध्यापक बनायो । त्यति बेला उनले त्रिवि अन्तर्गतका क्याम्पसका विद्यार्थीहरूलाई जुटाइ उनीहरूको प्रतिभाको संयोजन गरे । क्याम्पसको पुनर्निर्माणका लागि श्रोत जुटाउन एकल गायन प्रस्तुत गरे ।

नारायण गोपाल इतिहास पढ्नमा धेरै रुचि राख्दथे भने सदैव सत्य बोल्दथे । सत्य बोल्दा त्यो जति नै तितो होस्, जस्तोसुकै परिस्थिति र जस्तोसुकै मानिस सामु होस् उनी सत्य बोल्न हिच्किचाउँदैनथे । यिनै कुराले उनी माथि मुडी, लहडी, घमण्डी र सन्काहा भन्ने आरोप लगाइएको हुन सक्छ । ती आरोपहरू सत्य कुरा पचाउन नसक्नेहरूले गरेका अलाप मात्र थिए । त्यसैले होला उनी रेडियो नेपालदेखि टाढा नै रहेर आफ्नो गीत संगीतको माहौललाई निरन्तरता दिँदै गए ।

नारायण गोपाललाई 'तपाईंलाई मन पर्ने गीत कुन हो ?' भनी सोध्दा, 'ड्याट इज अ सेक्रेट' भन्ने जवाफ दिएछन् । उनकी पत्नी पेमलाका अनुसार नारायण गोपाललाई यी दुई गीत मन पर्थ्यो - ज्यादै खुशी भएर रचेको गीत 'साउनको झरी बनी तिमी आउन' र अत्यन्तै दु:ख विह्वल बन्दै रचेका गीत 'मलाई नसोध कहाँ दुख्छ घाउ' । नारायण गोपालको बिहे दार्जिलिङ निवासी उनकोफ्यान पेमालासँग बिहे हुँदाका रोमाञ्चक क्षणहरूको बारेमा उल्लेख गरिएको छ । साथै उनका मितज्यू गोपाल योन्जन सँगको सहकार्य र सबन्ध, वरिष्ठ संगीतकार अंम्बर गुरुङसँगको सहकार्य बारे चर्चा गरिएको पाइन्छ । उनको रोग र उपचारमा गरिएका प्रयासहरू यस पुस्तकमा समाविष्ट छन् । पहिलो पटक कुनै जनताको छोराले लास माथि राष्ट्रिय झन्डा ओढाउने सौभाग्य पाएको थियो । कलाकारको पार्थिव शरीर दर्शनको लागि राखिँदा अपार जनसमूह उर्लेको यो पहिलो घटना थियो । महिलाहरू मलामी नजाने पारम्परिक मान्यता स्वत: स्फूर्त रूपमा तोडिएको थियो । यो पहिलो उदाहरण थियो । यसरी पुस्तकमा उनको मृत्यु हुँदा संवेदनासँगै विभिन्न पत्र-पत्रिकामा लेखिएका कुराहरूलाई समेत समावेश गरिएको छ भने पुस्तकको अन्तमा विभिन्न समारोहहरूमा तथा गीत रेकर्डका क्रममा खिचिएका नारायण गोपालका तस्बिरहरू राखिएको छ । समग्रमा भन्नु पर्दा स्वर सम्राट् नारायण गोपालका बारेमा बृहत् र आधिकारिक जानकारी दिने पुस्तक हो यो । कालजयी स्रष्टाको अमरत्वलाई उजागर गर्ने कृति हो यो ।

*-साहित्यपोस्ट डटकम*

हास्यव्यङ्ग्य

गायत्री लम्साल

## दाम बोर्डिङ स्कुल

कुरा घुमाउरो नभई सिधा साधा किसिमले गर्नुपर्ला जस्तो छ । हामीलाई थाहा नै छ कि कुनै पनि कुरा कि परेर जानिन्छ त कि पढेर जानिन्छ । जे जसरी भए पनि जान्ने कुरा राम्रो हो, जानेको कुरा हाम्रो हो । हामीहरू भुक्तभोगी छौँ पूरा । जानिरहेका छौँ, चिनीरहेका छौँ, बोर्डिङ स्कुलका ब्रह्माशयहरूलाई । कोहीले पढेर जानेका छौँ, कोहीले परेर जानेका छौँ, त कोहीले हेरेर पनि जानेका छौँ । हामीहरूलाई लाग्छ, जुन बोर्डिङमा महङ्गो फि हुन्छ, त्यही बोर्डिङमा नै अन्तभन्दा पढाइ राम्रो हुन्छ । अन्तकोभन्दा अरु सबै कुराको गराइ राम्रो लाग्छ । यथार्थ नबुझी आदर्शको पछाडि दौडिनुको काइदा र फाइदाहरू निकै बढी हुने रैछ क्या बुझ्नु भो नि । कुरा अरुको काट्यो भने कानुन लाग्ला भन्ने जगजगी त्यसैले काट्नु-काट्नु कुरा आफ्नै काट्नु मनासिव देखियो । कुरा के भन्नुहुन्छ भने, म वर्गको हिसाबले सुकुम्बासी वर्गमा पर्ने भए तापनि कर्मको हिसाबले सम्भ्रान्तमा नै पर्छु जस्तो लाग्छ । महङ्गीले जतिसुकै नेटो काटे तापनि मेरो कर्मको दम्भले दुई सन्तानको नाइटो नकाटी मानेन । मजस्तै म भनाउँदाहरूको पनि मूलमर्म मेरो जस्तै हुनुपर्छ भन्ने अनुमान लगाउन सक्नुहुन्छ । अनि दुई सन्तानका बा महङ्गो बोर्डिङ धा भन्ने गर्थे मेरै सहगोत्रीया मन्त्रीहरूले । सहगोत्रीयाहरूको मन्त्रलाई टेरपुच्छर नलाउन पनि भएन । दाम चलेको र नाम चलेको राम्रो बोर्डिङ स्कुल खोज्न लगाएर छ महिनाको पेश्की रकम दिएर भर्ना जमाइहालेँ ।

> *मन भित्रभित्र आनन्दको सास ओहोरदोहोर गर्नथाल्यो । यो मानेमा कि मेरो छोरो धेरै नाम कमाइसकेको दाम इन्टरनेशनल बोर्डिङ स्कुलमा पढ्छ । स्कुलमा पढाइ के कस्तो हुन्छ भन्ने कुरामा मलाई केही दुबिधा परेन किनकि स्कुलको नाममा नै शान छ क्या-दाम इन्टरनेशनल बोर्डिङ स्कुल ।*

मन भित्रभित्र आनन्दको सास ओहोरदोहोर गर्नथाल्यो । यो मानेमा कि मेरो छोरो धेरै नाम कमाइसकेको दाम इन्टरनेशनल बोर्डिङ स्कुलमा पढ्छ । स्कुलमा पढाइ के कस्तो हुन्छ भन्ने कुरामा मलाई केही दुबिधा परेन किनकि स्कुलको नाममा नै शान छ क्या-दाम इन्टरनेशनल बोर्डिङ स्कुल । दामका कामहरू मैले जान्नै परेन किनकि छोराले आफै जान्दै गयो । दामभित्रका जाम र रामका बारेमा छोराले सिक्दै गयो । दाममा जानभन्दा अगाडिका समयमा छोराको आनी बानीका बारेमा पनि केही पोल खुलाउन मन लागिहाल्यो हजुरहामी सामु । मेरो छोराको बाजे र बराजुको कुरा गर्दा फटाइँ गर्नमा फास्टर नै थिए तर छोरो मोरो भने यति सोझो निस्कियो कि बाजे-बराजुको जिन एक प्रतिशत पनि मिसिएनछ । सान्है सोझो । यति सोझो कि आफू हिंडिरहेको बाटोमा पैसाको बिटो देखे पनि नटिपीकन हिड्ने भनेपछाडि अरु त भन्न नै परेन । मलाई लाग्न थाल्यो, अब राम्रो बोर्डिङ स्कुलमा पढ्न थालेपछाडि मेरो छोरो पक्कै पनि बाठो हुन्छ अनि टाठो पनि । आफैभित्र विश्वास पलाएको थियो, सपनाको सागरमा, कल्पनाको सागरमा पक्कै पनि पार गर्न सकिन्छ । छोरो दाम स्कुलमा शानसँग जानथाल्यो । स्कुल युनिफर्म पनि महिनाभरिका दिनभन्दा धेरै सेट । क्लास ड्रेस, हाउस ड्रेस, सन्डे ड्रेस, मन्डे ड्रेस, स्काउट ड्रेस, डान्स ड्रेस, जाउस ड्रेस, आउस ड्रेस, माउस ड्रेस, खेल्ने ड्रेस, हेर्ने ड्रेस, फेर्ने ड्रेस, रकिङ ड्रेस, हकिङ ड्रेस, सुटिङ ड्रेस, भुटिङ ड्रेस, उठिङ ड्रेस, भ्रमण ड्रेस, हर्मण ड्रेस, पढ्ने ड्रेस, सड्ने ड्रेस, लर्ने ड्रेस आदि आदि ड्रेस नै ड्रेस बाबै चिन्नै गाह्रो, किन्नै गाह्रो । दामको नाम अनुसार र काम अनुसार छोरोले पनि शुरुबाट नै राम्रै कुराहरू सिक्न थालिहाल्यो । स्कुल गएकै पहिलो दिन, एउटा किताब हराएछ, दोस्रो दिन पेन हराएछ, तेस्रो दिन पुन: अर्को किताब हराएछ । एवं रीतले उसको हराउने क्रम समय तालिका जस्तै बन्दै गयो । मलाई पनि आनन्द लाग्न थाल्यो । कमसेकम छोरोले केही त सिक्यो । जिल्लाको सामान्य बोर्डिङ स्कुलमा पढ्दा यस्तो हराउने कुरो एउटा पनि सिकेको थिएन । राजधानीको मुटुमा अवस्थित नाम चलेको दाम स्कुल, अरुको भन्दा छुट्टै पहिचान हुन पर्‍यो, अरुको भन्दा बढी हान हुनपर्‍यो, अरुको भन्दा बढी भान हुनपर्‍यो । म पनि उसको रुटिङमा अभ्यस्त हुन थालेँ । उसले जे जे हरायो भन्छ, त्यही त्यही पुन किन्दिदै तथास्तु छोरो भन्दै गएँ । एउटै क्लासका सान्है सस्ता बोर्डिङका किताब दिन दिनै किन्न पाउँदा मलाई खर्चको हिसाबले जम्मा एउटा छोरोलाई पढाउन पाउँदा पनि आधादर्जन छोरालाई पढाउन पाएजस्तो तात्तातो अनुभवको मिठो स्वाद चाख्न पाएँ । आखिर स्वाद सबै कुराको चाख्नु भन्छन् । एक दिन पुन: छोरोलाई सिक्ने कुराको ठूलै सौभाग्य मिलेछ । कुरा के भएछ भन्नुहुन्छ भने क्लासमा हराउने कुराहरूको चोर को हो भनेर अनुसन्धान शुरु भएछ । अनुसन्धानको क्रममा फैसला हुँदा मेरो छोरो र मेरो छोरो जस्तै अर्को कुनै सोझो मोरो परेछ । अनि नाम चलेको स्कुलको अप्रेसनको काम पनि सान्है राम्रो हुँदोरहेछ । दुइटा सोझा केटालाई एउटा कोठामा लगेछन् र बोर्डिङ स्कुललाई बोरिङ बनाउने निकै ठूला मानिने कोडिनेटर र प्रिन्सिपल भएर गाईखाने भाषामा सराप्नु सम्म सरापेछन् ।

सजायको लागि तिमीहरूले कि त चोर को हो भन नत्र भने दुवै मिलेर आधा आधा पैसा तिर भनेर छोडेछन् । साँझ छोराको मुखमा हेर्छु त आँखा रातो रातो मात्र कहाँ हो र ? उसलाई त हनहनी ज्वरो पनि आएछ । उसलाई तातो पानी र पेन किलर दिँदै सम्झाएँ बाबु, पिर नमान यी भनेका त दामी स्कुलमा नामी काम हुन् । उसको चित्त सान्है दु:खेछ, झन् भक्कादिँदै रुन थाल्यो । मलाई प्रश्न गर्‍यो । बाबा ठूला मान्छेले कति पढेका हुन्छन् ? ठूला मान्छेले किन ठूला गल्ती गर्छन् ? ठूला मान्छेको किन बुद्धि हुँदैन ? मैले धैर्य हुँदै उत्तर दिन थालेँ । बाबु, हाम्रो देशमा ठूला मान्छे हुन पढ्नु नै पर्दैन । अनि ठूला ठूला गल्ती नगरी ठुला मान्छे नै बनिदैन । अनि पुन: अर्को प्रश्नको उत्तर, बुद्धि हुने हो भने ठूला मान्छे नै बनिदैन । उसले कुरा कति बुझ्यो कुन्नि जे होस् मुन्टो चाहिँ हल्लायो । छोरोले जेनतेन आफ्नो पढाइ सडाइ अगाडि बढाउँदै लग्यो । पहिलो त्रैमासिक परीक्षा पनि दियो । नतिजा प्रकाशन भयो । नाम नचलेका साना स्कुलमा त नतिजाको तत्काल समयमा पोजिसन पनि थाहा हुन्थ्यो तर नाम चलेका स्कुलमा भने नतिजा पछाडि पोजिसन थाहा पाउन अरु थप एक महिना पर्खनु पर्दोरहेछ । कारण के रहेछ भन्नुहोला भने, बोर्डिङ स्कुलका दक्ष र प्राविधिक टिचरहरूले प्रश्नपत्र निर्माण गर्दा नपढाएको पाठबाट पनि निकाल्दा रहेछन् अनि कपि चेक गरेर नम्बर काउन्ट गर्दा एड गर्न मिस्टेक हुँदोरहेछ । त्यही रहेछ, रिजल्टको दिन पोजिसन थाहा नपाइने चुरो कुरो । सोझो छोरोले पनि सबै विषयको नम्बर काउन्ट गरेछ ।

धेरै विषयमा एडमा फरक परेछ त कतिमा आधा आधी चेक पनि नभएको रहेछ । अनि री परीक्षणमा लगे पछाडि पहिलाको मार्कमा र पछि थपिए पछाडिको मार्कमा धेरै होइन, जम्मा दश प्रतिशत बढी आएछ र पोजिसनमा पनि प्रथम नै भएछ । मलाई निकै खुशी लाग्यो,किन भन्नुहोला भने,दाम स्कुलमा पढाउने शिक्षकले पढाएको मेरो छोरो तीन महिनामा नै शिक्षक भन्दा पनि जान्ने भएछ । मेरो खुशीले सीमा नै नाघ्यो । पढाउनु पढाउनु यस्तो स्कुलमा पो पढाउनु । समय बित्न बेर नै लाग्दोरहेनछ । छोरोले स्कुलमा हराएका चिजहरू किन्दाकिन्दै वार्षिक परीक्षा पनि सकियो । विद्यार्थीहरू नतिजाको प्रतीक्षामा थिए भने स्कुलहरू धमाधम विज्ञापनमा जुटेका थिए । एउटा शिक्षाविद्ले मेरो हातमा पनि एउटा स्कुलको ब्रोसर थमायो । मैले पनि ब्रोसरमा भएका महान् कुराहरू पढ्दै गएँ । वैज्ञानिक तरिकाले पठनपाठन, संगीतमा पारङ्गत, डान्समा नेपाल तारा, रक क्लाइमिङ, हर्स राइडिङ, विदेश भ्रमण, कराँतेमा ब्लाकबेल्ट, स्काउटमा दक्ष, सबै म्युजिकमा दक्ष, रेडक्रसमा सक्रिय, खेलकुदमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने खालको बनाउने, कम्प्युटरमा डिप्लोमा, ...जान्दै नजानेका, सुन्दै नसुनेका कुराहरू । दङ्ग लाग्यो मलाई उसको विज्ञापन देखेर । अनि पुन: कुन दामी स्कुलमा होला यस्तो चमत्कार भनेर यसो आँखा लगाएको त आफ्नै छोरोले पढेको दाम बोर्डिङ स्कुल । मभित्र झन् खुशीको मात्रा थपियो ।

मेरो छोरो माथि उल्लिखित सबै कुरामा दक्ष भैसकेछ । साँझ घरमा गएँ । अनि छोरोलाई काखमा लिएर सोध्न थालेँ । बाबु तिमीले डान्स सिक्यौ ? उसले भन्यो, अँ बाबा मेरो पालो आउनै लागेको थियो तर फाइनल परीक्षा आइहाल्यो । म्यूजिक सिकाउनु भयो ? एक दिन गितारमा चारवटै औंला राखेर बजायो भने बज्छ भन्नुभाथ्यो । कराँतेमा ब्लाकबेल्ट पायौं । अँ हँ बाबा , कराँते भनेको त रिसाउँदा मुठ्ठी कस्ने होइन र ? अनि विदेश भ्रमणमा लगे त । खै थाहा भएन बाबा, एकदिन शैक्षिक भ्रमण भनेर वाग्मती रिभर सफा गर्न गएका थियौं । अँ अनि रक कलाइमिङ, हर्स राइडिङ त गर्‍यौ होला नि ? के भन्नु भा'को मैले त कुरा नै बुझिन । अनि तिमीलाई स्काउट र रेडक्रसको बारेमा के थाहा छ ? अँ हँ बाबा, त्यस्तो बताउन मिल्नेगरि त केही पनि थाहा छैन । अनि खेल खेल्न के के जानेका छौ त ? स्कुलको ग्राउण्डमा त केही पनि सिकाएका छैनन् तर घरमा हुने मोबाइलमा आउने जति सबै जानेको छु । स्कुलमा कम्प्युटरको प्राक्टिकल क्लास कति हुन्छ ? अँ बाबा त्यसमा त मेरो पनि एक दिन पालो आएको थियो । मलाई आनन्द लाग्दै गयो धन्य छन्, धन्य रहून्, बोर्डिङ स्कुलका ब्रह्माशयहरू ।

*-समकालीन साहित्य डटकम*

# बुटवल रोजगार मेला : ३५ जनालाई तत्काल रोजगारी




**बुटवल,** जेठ २५/बेरोजगार ३५ जनालाई रोजगार दिलाउँदै बुटवलमा आयोजित श्रमाधान रोजगार मेला सकिएको छ । श्रम र सीप भएका तर बेरोजगार युवा तथा रोजगारदाता उद्यमीलाई एकै ठाउँमा जोड्ने उद्देश्यले नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग पर्यटन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल उद्योग परिसंघ र बुटवल उपमहानगरपालिकाको संयुक्त रुपमा दुई दिने मेला आयोजना गरिएको थियो । मेलाबाट तत्काल ३५ जनाले रोजगारी पाएका छन् । बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा चलेको मेलाको ६ हजार जना भन्दा बढीले अवलोकन गरेको आयोजक बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए । उनका अनुसार ४१ वटा स्टलबाट ७ सय ३१ जनाका लागि आवेदन आह्वान भएकोमा रोजगारीका लागि १ हजार २ सय २८ जनाले आवेदन दिएका छन् । मेलामा ५ सय जनाले वैदेशिक रोजगार, मनोसामाजिक परामर्श, वित्तिय साक्षरतासम्बन्धी परामर्श सेवा प्राप्त गरेको उनले बताए । पाण्डेयका अनुसार मेलाबाट ३५ जनाले रोजगारी प्राप्त गरेका छन् भने १ सय ५० जना दोश्रो चरणका लागि छनोट भएका छन् । पाण्डेयले रोजगारीको खोजीमा रहेका युवा र रोजगारदाताको लागि कार्यक्रम सहायक सिद्ध भएको बताए । श्रम कार्यालय बुटवलका प्रमुख कृष्ण प्रसाद खनालले मेलाबाट आन्तरिक र बाह्य रोजगारीको लागि सहजीकरण गरिएको बताए । मेलामा ४१ वटा स्टल रहेका थिए । जसमा बायोडाटा निर्माण, सिकाईसम्बन्धी उद्योग व्यवसाय तथा रोजगारदातासँग सम्बन्धित स्टलहरू वैदेरोजगार कल सेन्टरलगायत सरकारी तथा निजी क्षेत्रका स्टलहरू राखिएको थियो । मेलामा श्रम र रोजगारसँग सम्बन्धित विषयमा रहेर कार्यशाला गोष्ठी, अन्तर्क्रिया र छलफल समेत गरिएको हो ।

मेलाको पहिलो दिन श्रम आप्रवासन: कानुनी प्रक्रिया र मनोसामाजिक प्रभाव, यातायात रोजगारीका चुनौती र अवसरहरू, अबको यात्रा योगदानमा आधारित सामाजिक सुरक्षा विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो । मेलाको दोस्रो दिन शिक्षा र रोजगारी बिचको सेतु: कार्यस्थलमा सिकाइको प्रयोग, पर्यटनले कोर्नुपर्ने अबको बाटो र श्रम कानुनका अफ्ठेयाराहरू र फुकाउनुपर्ने गाँठो विषयमा छलफल तथा अन्तर्क्रिया भएको उपमहानगरपालिकाले जनाएको छ । आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने श्रम र रोजगारको क्षेत्रमा रहेका बहुआयामिक समस्याहरूलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीको लागि अनुकूल वातावरण सिर्जना गर्ने उद्देश्यसहित नेपाल सरकारले देशका सातै प्रदेशमा श्रमाधान रोजगार मेला गर्ने कार्यक्रम अनुसार बुटवलमा लुम्बिनी प्रदेशस्तरीय मेला गरेको हो ।

## खेलकुद समाचार

# नेपाल युएईसँग पराजित

**काठमाडौं,** २५ जेठ/फिफा विश्वकप २०२६ छनोटअन्तर्गत दोस्रो चरणको शुक्रबार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालविरुद्ध शानदार जित हासिल गरेको छ ।

साउदी अरेबियाको प्रिन्स मोहम्मद विन रङ्गशालामा सम्पन्न खेलमा युएईले नेपाललाई ४-० गोलअन्तरले पराजित गरेको हो । युएईले खेलको पहिलो हाफमा दुई गोलको अग्रता लिएको थियो भने दोस्रो हाफमा थप दुई गोल गरेको थियो । युएईका लागि हरिब अब्दुल्लाह अल्मुशरखले दुई गोल गरे भने अली सलेह अम्रो र हाजिम अब्बासले समान एक/एक गोल गरे ।

अल्मुशरखले खेलको १२औँ र १४औँ मिनेटमा गोल गरेका थिए भने अम्रोले ५३औँ र अब्बासले ७५औँ मिनेट गोल गरेपछि यूएईले शानदार जित हासिल गरेको हो ।

जितसँगै पाँच जितका साथ युएईले १५ अंक जोड्दै समूह 'एच'को शीर्ष स्थानमा छ । पाँच वटै खेलमा पराजिति नेपाल भने अंकबिहीन छ । नेपालले अन्तिम खेलमा यही जेठ २९ गते यमनसँग खेल्नेछ ।

*-रासस*

## अर्थ/कर्पोरेट समाचार

# मोबाइल बैंकिङ तथा क्यूआर कोडमार्फत अन्तरदेशीय कारोबार हुने



**पाल्पा,** जेठ २५/मोबाइल बैंकिङ तथा क्यूआर कोडमार्फत अन्तरदेशीय कारोबार हुने भएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेडबीच अन्तरदेशीय (क्रस बोर्डर) कारोवार गर्नेसम्बन्धी सम्झौतासँगै मोबाइल बैंकिङ तथा क्यूआर कोडमार्फत अन्तरदेशीय कारोबार हुने भएको हो । बैंकका ग्राहक तथा भारतीय ग्राहकले एक देशबाट अर्को देशमा मोबाइल बैंकिङ तथा क्यूआर कोडका माध्यमबाट कारोबार गर्न सक्नेगरी डिजिटल प्रविधिको व्यवस्था मिलाउन ती दुई संस्थाबीच सम्झौता भएको छ । यसले नेपालभित्र भारतबाट रकम प्राप्त गर्न सहज हुने भएको छ । यस्तो कारोबार नेपाल राष्ट्र बैंकले तोकेको सीमा र परिधिभित्र रहेर गर्न सकिने छ । नेपाल क्लियरिङ हाउस (एनसिएचएल)को माध्यमबाट यस्ता कारोबारहरु हुनेछन। बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र नेपाल क्लियरिङ हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

हाल राष्ट्रिय वाणिज्य बैंकको सातवटै प्रदेशका ७७ जिल्लाका सदरमुकामसहित देशैभर रहेका दुई सय ८७ शाखा कार्यालय, तीन सय पाँच एटिएम, ९९ वटा शाखारहित बैंकिङ सेवा, ७१ वटा एक्स्टेन्सन काउण्टर, क्यूआर कोड सेवा, प्वाइन्ट अफ सेल सेवा , क्रेडिट कार्ड, डेबिट कार्ड, कनेक्ट आइपिएस, स्मार्ट क्यूआर टेलर (बिनाचेक रकम झिक्न सकिने) इन्टरनेट बैंकिङ, परिष्कृतरुपको मोबाइल बैंकिङ (डिजिटल संसार) तथा बिनाइन्टरनेट चल्ने युएसएसडी मोबाइल बैंकिङका सेवासमेत सञ्चालनमा रहेका छन् ।

# देवदह खयरडाँडामा भेटियो प्राचीन इनार



**लुम्बिनी (मर्चवार),** जेठ २४/ गौतमबुद्धको मावली कोलीय गणराज्यको दरबार क्षेत्र दाबी गर्दै आइएको रुपन्देहीको देवदहस्थित खयरडाँडामा प्राचीन इनार फेला परेको छ ।

देवदह नगरपालिकाको आर्थिक सहयोगमा लुम्बिनी विकास कोष, पुरातत्व विभागले यही जेठ १६ गतेदेखि उत्खननका क्रममा इँटाबाट निर्मित दुई मिटर चौडाइ र साढे तीन मिटर गहिराइ भएको प्राचीन इनार भेटिएको लुम्बिनी विकास कोषका वरिष्ठ पुरातत्व अधिकृत हिमालकुमार उप्रेतीले जानकारी दिए । गत वर्ष लुम्बिनी विकास कोषले उत्खनन गर्दा इँटाको माथिल्लो भाग मात्रै देखा परेको थियो । 'गत वर्ष इनारको माथिल्लो भाग मात्रै भेटिएको थियो, यस वर्ष इनारको बेस (तल्लो भाग) सम्म जाने योजना अनुसार उत्खनन गर्दा इनारको पूर्ण आकार भेटिएको छ', उप्रेतीले भने । उनका अनुसार सो इनार कुन समयको भन्ने कार्बन डेटिङपछि मात्रै यकीन हुनेछ । इनारको दक्षिणतर्फ पर्खालका भग्नावशेष पनि भेटिएको उप्रेतीले बताए । उत्खननका क्रममा खयरडाँडा क्षेत्रमा माटाका भाँडा, पर्खालका भग्नावशेष भेटिएका छन् । स्थानीयहरुले पुरातात्विकस्थल भन्ने थाहा नहुँदै इँटा लगेपछि संरचनाहरु देखिएको उप्रेतीको भनाइ छ । गौतमबुद्धको मावली कहाँ हो भन्नेबारेमा अहिले नै निक्यौंल गर्न नसक्ने भन्दै पुरातात्विक उत्खनन र अन्वेषण अझै बढाउनुपर्ने उनको भनाइ छ । रोहिणी पूर्वका नागरिकहरुले देवदहवासीका रुपमा भन्न मिल्ने उप्रेतीले बताए । तर बुद्धका समय र त्योभन्दा अगाडिका माटाका भाँडा र टुक्रा भने पण्डितपुरमा भेटिएका थिए । स्थानीयले भने बुद्धको मावली देवदहको दरबार नै यहाँ रहेको दाबी गर्दै आएका छन् । पुरातत्व विभागका अधिकृत राजेश परियारले तत्कालीन कोलीय राज्यका क्षेत्रमा निरन्तर उत्खनन आवश्यकता रहेको बताए । उनले खयरडाँडाको उत्खननबाट प्राप्त ऐतिहासिक तथ्य र प्रमाणलाई अध्ययन गरी आगामी दिनमा थप कदम अगाडि बढाइने बताए । देवदह नगरपालिका-९ स्थित खयरडाँडा क्षेत्रमा देवदह नगरपालिकाको रु १० लाख बजेटबाट अहिले उत्खनन गरिएको हो । स्थानीय पालिकाको साझेदारीमा गरिएको यो पहिलो उत्खनन भएको बताइएको छ । लुम्बिनी विकास कोषका पुरातत्व महाशाखा प्रमुख तथा वरिष्ठ पुरातत्व अधिकृत उप्रेतीको नेतृत्वमा पुरातत्व अधिकृत परियार, लुम्बिनी विकास कोषका नमराज अधिकारी, चन्द्रप्रकाश पाठक, अन्तरहुसेन मुसलमान र विज्ञ शुभेच्छा पोखेल उत्खननमा खटिएका थिए । उत्खनन थप एक महिनासम्म चल्ने जनाइएको छ । *-रासस*

# डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔ ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# नेपाल प्रजातन्त्र...

...पूरै जीवन पार्टीको संगठन विस्तार, प्रजातन्त्र र लोकतन्त्र संस्थागतका लागि ब्यतित गरेका तिमिल्सीना प्रजातान्त्रिक मूल्य, मान्यता, आदर्श, निष्ठाका निम्ति उदाहरणीय व्यक्तित्व रहेको सभापति श्रेष्ठले बताए । उनले भने 'यमलाल दाईले कहिल्यै छक्का पञ्जा गर्नुभएन ।

कुनै गुटमा पनि लाग्नु भएन । विवेकले देखेको बोल्नुहुन्छ । सरल भएकै करण पद पनि पाउनुभएन ।'

नेपाली काँग्रेस पाल्पाका प्रवक्ता शोभाकर न्यौपानेले कार्यक्रम माथि प्रकाश पारेका थिए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका उपसभापतिद्वय झपेन्द्र गहिरे,ज्ञान बहादुर गाहा,सचिव सन्तोष कुमार थापा मगर, क्षेत्र नं १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, २ का क्षेत्रीय सभापति मुक्तिराम जिसी, काँग्रेस नेताहरु राजेन्द्र गोपाल सिंह, विधान श्रेष्ठ, देवराज ढकाल, काँग्रेस तानसेन नगर सभापति सुर्वणमुनी शाक्य लगाएतका नेताहरुको उपस्थिति रहेको थियो ।

भेला संघका निवर्तमान अध्यक्ष प्रेमनाथ बस्यालको अध्यक्षता, निवर्तमान सचिव मुक्तिराम बस्यालको सञ्चालनमा भएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई